# हिन्दुत्ववादको लेखागार





**पुस्तक** : *गीता प्रेस एण्ड द मेकिङ्ग अफ हिन्दू इन्डिया*
**लेखक** : अक्षय मुकुल
**प्रकाशक** : हार्पर कोलिन्स, भारत, २०१५
**पृष्ठ** : ५४०+
**मूल्य** : ७९९ भारू (हार्ड कभर)
P-ISBN : 978-93-5177-230-9
E-ISBN : 978-93-5177-231-6

**समीक्षक** : उज्ज्वल प्रसाई


हिन्दुत्ववाद राजनीतिक विचारधारा हो। सो विचारधाराको आधारभूमि हिन्दू धर्म भएकाले भारतका बहुसंख्यक मानिस हिन्दुत्ववादी राजनीतिबाट प्रभावित छन्। त्यति मात्र होइन, हिन्दुत्ववादी राजनीति वर्तमान भारतीय सत्ताको मियो बनेको छ। सो विचारधाराको फैलावट र सफलता भारतीय लोकतन्त्रका लागि खतरा भएको उदारवादी र वामपन्थीहरूको निचोड छ। हिजो जरा गाड्दै गएको भनेर दाबी गरिएको भारतको लोकतन्त्रमाथि हिन्दुत्ववादको प्रभाव सवार भएपछि उनीहरू चिन्तित छन्। त्यसैले हिन्दुत्ववादबारे अध्ययन गर्न उत्प्रेरित भएका छन्। पत्रकार तथा अन्वेषक अक्षय मुकुलको कृति *गीता प्रेस एण्ड द मेकिङ्ग अफ हिन्दू इन्डिया* त्यही चिन्ता र उत्प्रेरणाको दसी हो।

भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदीको राष्ट्रिय राजनीतिमा उदयसँगै राष्ट्रिय स्वयं सेवक संघ (आरएसएस) जस्ता संस्थालाई भारतीय समाजले अझै सान्दर्भिक मानेको पुष्टि भएको छ। उत्तर प्रदेशमा आदित्यनाथ जस्ता कट्टर हिन्दुत्ववादीको विजयले उदारवादी र वामपन्थी पार्टीका कमजोरी मात्रै उजागर गरेको छैन, भारतीय समाजलाई सदैव गाँजेको *'हिन्दू मेजोरिटेरियन एरेगोन्स'* (अन्य समुदाय विरुद्ध बहुसंख्यक हिन्दूहरूको अहंकार) पनि सतहमा प्रकट भएको छ। त्यो अहंकार सामान्य र प्राकृतिक परिघटना होइन। बरू सामूहिक र संगठित प्रयत्न मार्फत हुर्काइएको खास ऐतिहासिक अवस्था हो। यस्तो अवस्थासम्म पुग्न गरिएका धेरै काममध्ये बौद्धिक अभ्यास र प्रकाशन पनि हो। हिन्दुत्ववादको सम्वर्द्धनका लागि गरिएका तिनै बौद्धिक अभ्यास, प्रकाशन र 'प्रोपोगान्डा' बारे अन्वेषण गर्ने ध्येयले मुकुलले 'गीता प्रेस' लेखेका हुन्।

उत्तर प्रदेशको गोरखपुरमा अवस्थित गीता प्रेस मुकुलको अनुसन्धानको मुख्य क्षेत्र हो। सो प्रेसका निजी कागजात, उसले प्रकाशन गरेका पत्रिकाका पुराना अङ्क र अन्य सन्दर्भ सामग्रीहरूको गहिरो अध्ययनको निचोड किताबमा प्रस्तुत गरिएको छ। साथै, गीता प्रेस र त्यसका विभिन्न प्रकाशनमा संलग्न मुख्य व्यक्तिका जीवनी पनि उनको अध्ययनको विषयवस्तु बनेका छन्।

भारतीय र नेपाली हिन्दू धर्मावलम्बीका घरघरमा पुगेका सस्तो मूल्यका धार्मिक किताबहरूको प्रकाशक गीता प्रेस हो। गीता, रामायण, महाभारत, हनुमान चालिसा, सरस्वती वन्दना लगायतका अनेक किताब छापेर वितरण गर्ने काममा गीता प्रेसको अग्रणी भूमिका छ। त्यसका साथै, हिन्दू धर्मको प्रचारार्थ छापिने साना ठूला पर्चाहरूको मुख्य प्रकाशक पनि 'गीता प्रेस' नै हो। गीता प्रेसको मुख्य अर्को काम *कल्याण* नामक पत्रिकाको प्रकाशन र बिक्री-वितरण हो। हिन्दू धर्म, दर्शन र संस्कृतिको क्षेत्रमा काम गर्ने नाम चलेका विद्वानहरूका रचना प्रकाशन गर्ने महत्त्वपूर्ण प्रकाशन हो *कल्याण*। महात्मा गान्धीदेखि एस राधाकृष्णनसम्मले *कल्याण* मा लेखेका छन्।

गीता प्रेसको स्थापना र *कल्याण* जस्ता प्रकाशनको शुरूआत खास उद्देश्य सहित गरिएको थियो। प्रेसलाई व्यावसायिक रूपमा सफल र दिगो बनाउने एवं अनवरत काम गरेर पत्रिका प्रकाशन गर्ने काम चानचुने प्रयत्नबाट सम्भव थिएन। बौद्धिक अभ्यास र लेखनमा रुचि मात्रै भएर धैर्यपूर्वक काम गर्न सकिंदैन; त्यसका लागि विचारधाराप्रतिको इमानदारी र अक्षुण्ण लगाव पनि उत्तिकै जरूरी हुन्छ। दुई मारवाडी व्यापारी र हिन्दुत्ववादी विद्वानहरू– हनुमानप्रसाद पोद्दार र जयदयाल गोयन्दकामा एउटा धार्मिक अभियानलाई व्यावसायिक रूपमा समेत सफल पार्न सक्ने लगन, धैर्य र इमानदारी रहेको प्रमाणित भयो। उनीहरूको अथक् प्रयासले नै गीता प्रेस र *कल्याण* पत्रिकाको प्रकाशन हिन्दुत्ववादको बलियो मौलो बन्न पुग्यो।

सन् १९२१ मा शुरू गरिएको सो प्रेस र सन् १९२६ मा शुरू भएको *कल्याण* पत्रिकाको प्रकाशन आजसम्म अविच्छिन्न चालू छ। लेखकले किताबका लागि अध्ययन टुंग्याएको समय सन् २०१४ को शुरूआतसम्ममा गीता प्रेसमा छापिएका ७ करोड २० लाख प्रति गीताका पुस्तक बिक्री भइसकेका थिए। त्यस्तै एक करोड ९० लाखको संख्यामा तुलसीदासका कृति बिक्री भएको तथ्याङ्क छ। त्यसबेलासम्म *कल्याण* पत्रिकाका नियमित ग्राहकको संख्या दुई लाख पुगेको थियो भने सो पत्रिकाको अंग्रेजी संस्करण *कल्याण-कल्पतरु* को ग्राहक संख्या एक लाख थियो।

गीता प्रेसलाई सफलताको यो उँचाइमा पुऱ्याउने दुई व्यक्तित्वका बारेमा पनि पुस्तक लेखकले प्रशस्त जानकारी

**गीता प्रेस हिन्दुत्ववादी आन्दोलनको केन्द्र हो। गीता प्रेस फैलिएर गीता वाटिका नै बन्यो, त्यस्तो वाटिका जहाँ राजनीतिक फूल फुल्छ, ती फूलका वासनाको तीव्र प्रसार हुन्छ र त्यसले सिंगो भारतीय समाजलाई तरंगित तुल्याउँछ।**

**सन् २०१४ को शुरूवातसम्ममा गीता प्रेसमा छापिएका ७ करोड २० लाख प्रति गीताका पुस्तक बिक्री भइसकेका थिए। त्यसबेलासम्म *कल्याण* पत्रिकाका नियमित ग्राहकको संख्या दुई लाख पुगेको थियो।**




गीता प्रेसको एउटा प्रमुख प्रकाशन *कल्याण* मासिक पत्रिका।

बटुलेका छन्। मूलतः व्यापारमा रुचि भएका दुई मारवाडीहरू आखिर कसरी हिन्दुत्ववादी विचारधाराका अनुयायी बन्छन्? अनुयायी मात्र नभई उनीहरूले आफ्नो सिंगो जीवन सनातन हिन्दू धर्ममा आधारित हिन्दुत्ववादी विचारधाराको प्रसार र प्रवर्द्धनमा काम गर्न पुग्नुका कारणहरूको खोजी गरिएको छ। यी दुई साधकहरूको हुर्काइ, व्यक्तिगत संगत, बौद्धिक उन्नयन र निजी जीवनका उतारचढाव मार्फत ती कारणहरूलाई पुस्तकले सतहमा ल्याएको छ।

किताबको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको *कल्याण* पत्रिकाका पुराना र विशेषाङ्कमा प्रकाशित मुख्य सामग्रीको अनुसन्धान हो। साथै, गीता प्रेसले प्रकाशन गरेका मोनोग्राफ शैलीका प्रकाशनहरूको अध्ययन पनि उतिकै रोचक छ। *कल्याण* पत्रिकामा मूलतः भारतीय समाज, हिन्दू संस्कृति, गौ रक्षा, नारी अस्मिता, गर्भपतन, योग र विज्ञान, भारत-पाकिस्तान सम्बन्ध तथा मौलिक भारतीय संस्कार माथि भएका अतिक्रमण जस्ता विषय नै पाठ्य खुराक हुने गर्थे। संस्कृत मिश्रित हिन्दी भाषाको प्रयोग मार्फत ती विषयमा जनमत निर्माण गर्ने कोशिश गरिन्थ्यो। कहलिएका विद्वानहरूले लेखेका सामग्री प्रकाशन गरिने भएकाले हिन्दुत्ववादमा विश्वास नगर्ने तर धर्म एवं दर्शनमा रुचि भएका अध्येताहरूले नियमित रूपमा *कल्याण* पढ्ने गरेका थिए। पछिल्ला वर्षमा प्रकाशित *कल्याण* मा भने उनै पोद्दार र गोयन्दकाले धेरै पहिले लेखेका पुराना आलेखहरूको पुनः प्रकाशन भइरहेको छ।

गीता प्रेसले *कल्याण* पत्रिकाको शुरूआत सँगै छापेका केही कृतिहरू उल्लेख्य छन्। नारी अस्मिताबारे हनुमानप्रसाद पोद्दारले केही मोनोग्राफहरू लेखेका थिए। सबभन्दा पहिले उनले *धर्म प्रश्नोत्तरी* नामको पुस्तिका लेखे जो गीता प्रेसले अद्यापि प्रकाशन र वितरण गरिरहेको छ। सो पुस्तिकामा पोद्दारले महिलाले पूरा गर्नै पर्ने जिम्मेवारीबारे व्याख्या गरेका छन्। त्यसैगरी महिलाका यौनिकता, गृहस्थीका रूपमा निर्वाह गर्नुपर्ने भूमिका, सरसफाइ र समग्रमा समाजका लागि उनीहरूले दिनुपर्ने योगदान बारे पोद्दारले सो पुस्तकमा चर्चा गरेका छन्। पोद्दारसँगै यस्ता विषयवस्तु समेटिएका पुस्तिका तयार पार्नेमा जयदयाल गोयन्दका र स्वामी रामसुखदास समेत थिए। यीनै विषयवस्तु वरपर रहेर सन् १९४८ मा *कल्याण* ले नारी अङ्क समेत प्रकाशन गरेको थियो। नैतिक शिक्षा दिने हेतु उनीहरूले *कल्याण* का शिक्षा अङ्क र बाल अङ्क पनि प्रकाशन गरेका थिए।

गौ रक्षाका खातिर *कल्याण* मार्फत गरिएको पैरवी अर्को उल्लेखनीय पक्ष हो। कानून मार्फत गाईको रक्षा गर्नुपर्नेमा *कल्याण* पत्रिकाले शुरूदेखि नै जनमत निर्माण गर्ने अथक् प्रयास गरेको थियो र अझसम्म पनि गरिरहेको छ। गौ हत्यालाई जघन्य अपराध मान्नुपर्ने र हत्या गर्नेलाई सख्त कारबाही गर्नुपर्ने भन्दै सो माग पूरा नहुँदा आइपर्न सक्ने खतरा समेत औंल्याएर सामग्री प्रकाशन गरिएका थिए। गौ रक्षामा संवेदनशीलता नदेखाउने विरुद्ध पनि गीता प्रेसका लेखकहरू लक्षित थिए। गौ रक्षालाई उनीहरूले संगठित आन्दोलनकै रूप दिएका थिए। मोदीको उदयसँगै गीता प्रेसले सन् १९६० को दशकमा तयार पारेका संकथनको प्रसार पुनः शुरू भएको छ।

विश्व हिन्दू परिषद्को गठन, राम जन्मभूमि अभियान, कृष्ण जन्मभूमि अभियान लगायतका अनेक क्रियाकलापमा गीता प्रेसका प्रकाशकहरूको सक्रिय सहभागिता थियो। ती क्रियाकलापबारे प्रचार एवं तिनलाई बौद्धिक आड दिने काममा समेत उनीहरू दत्तचित्त थिए। साथै, हिन्दुत्ववादी विचारधारालाई राजनीतिक स्वरुप दिँदै चुनाव मार्फत शक्ति हत्याउने काममा समेत उनीहरूको सक्रियता बढ्यो। अद्यापि त्यो क्रम जारी छ।

एउटा सामान्य व्यावसायिक प्रकाशन आफैंमा राजनीतिक र सांस्कृतिक प्रतिष्ठान बन्न मुश्किल हुन्छ। गीता प्रेस हिन्दुत्ववादी आन्दोलनको केन्द्र हो। गीता प्रेस फैलिएर गीता वाटिका नै बन्यो, त्यस्तो वाटिका जहाँ राजनीतिक फूल फुल्छ, ती फूलका वासनाको तीव्र प्रसार हुन्छ र त्यसले सिंगो भारतीय समाजलाई तरंगित तुल्याउँछ।

लेखक अक्षय मुकुलका अनुसार धर्म प्रचारमा लगभग *बाइबल सोसाइटी* को हाराहारी प्रभाव पार्न सक्ने संस्था हो– गीता प्रेस। सो संस्थाको अध्ययन– वर्तमान भारतीय लोकतन्त्र अघिल्तिर चुनौतीका रूपमा खडा भएको बलियो हिन्दुत्ववाद बुझ्ने एउटा सानो आँखीझ्याल हो। आँखीझ्यालबाट देखिएको दृश्य पूर्ण हुन सक्दैन तर जति गोचर हुन्छ त्यो कम महत्त्वको पनि हुँदैन।

*प्रसाई लेखक एवं स्तम्भकार हुन्।*